कृषि तथा वनविज्ञान विश्वविद्यालय
# सेवा आयोगको कार्यालय
चितवन, नेपाल
फोन /फ्याक्स नं. ०५६- ५२२८५०

## विज्ञापन सम्बन्धी सूचना
मिति २०७४।१२।२०

**विज्ञापन नं. ०३/०७४/०७५(बढुवा)**

कृषि तथा वनविज्ञान विश्वविद्यालयको कार्याकारी परिषद्को मिति २०७४/०९/१३ को १४० औं बैठकको निर्णयानुसार बढुवाको लागि आवश्यक न्यूनतम योग्यता पुगेका कर्मचारीहरूलाई देहाय बमोजिमका रिक्त दरबन्दीमा बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले बढुवा हुने पदको श्रेणीभन्दा एकतह मुनिको श्रेणीको पदका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता र कृषि तथा वनविज्ञान विश्वविद्यालय अर्न्तगत आवेदित पदभन्दा एक तह मुनिको सम्बन्धित सेवा समूहको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेका उम्मेदवारहरूबाट **गोरखापत्रमा प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन (मिति २०७४। १२।२० देखि मिति २०७५।१।२४ गते) भित्र र दोब्बर दस्तुर तिरेर दरखास्त दिने अन्तिम मितिले ७ (सात) दिन (मिति २०७५।१।२५ देखि मिति २०७५।१।३१गते) भित्र** कृ.व.वि.वि. सेवा आयोगको कार्यालय, शितलचोक, रामपुर, चितवनमा आई पुग्ने गरी २/२ प्रतिका दरले आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि सहित दरखास्त आव्हान गरिन्छ। दरखास्त फाराम रु १००।- तिरी कृ.व.वि.वि. सेवा आयोगको कार्यालय, शितलचोक, रामपुर, चितवनबाट प्राप्त गर्न सकिने छ। म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन। आवदेन फारम साथ राष्ट्रिय बाणिज्य बैंक, बानेश्वर स्थित कृषि तथा वनविज्ञान विश्वविद्यालय, चितवनको चल्ती हि.नं. १४२००००१५०६ मा तोकिएको आवेदन दस्तुर जम्मा गरेको सक्कल भौचर र निम्नलिखित कागजातहरुको २/२ प्रति प्रमाणित प्रतिलिपिहरु पेश गर्नुपर्ने छ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
२. प्रवेशिकादेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू। साथै विदेशी विश्वविद्यालय वा अन्य विश्वविद्यालयबाट प्राप्त गरेका प्रमाणपत्र भए कृ.व.वि.वि. वा त्रि.वि.को समकक्षताको प्रमाणपत्र र श्रेणी नखुलेका शैक्षिक योग्यताको प्रमाण पत्र भए श्रेणी खुलेको पत्र ।
३. स्थायी, अस्थायी, करार, मासिक र समायोजन नियुक्तिका प्रमाणित प्रतिलिपिहरू तथा तालिम सम्बन्धी प्रमाणित प्रतिलिपिहरू
४. अटुट रुपमा कार्य गरेको अनुभव सम्बन्धी पत्र।
५. कृ.व.वि. वि. वाहिर अन्य संस्थामा वेतलवी काजमा काम गरेको भए वा अध्ययन बिदा वा वेतलवी बिदा लिएको भए सो को स्पष्ट मिति खुल्ने पत्र।
६. हालसालै खिचेको पासपोर्ट साइजको फोटो थप १ प्रति।
७. गोप्य शिलवन्दी कार्यसम्पादन मूल्यांकन फारम १ प्रति
८. ब्यक्तिगत बायोडाटा २ प्रति।
९.सम्पर्क स्थान : कृषि तथा वनविज्ञान विश्वविद्यालय, सेवा आयोगको कार्यालय शितलचोक, रामपुर, चितवन। सम्पर्क फोन नं. ०५६-५२२८५०

| क्र.स | पद | आवश्यक संख्या | आवेदन दस्तुर |
|---|---|---|---|
| १. | उप -प्रशासक | १ (एक) | १५०० |
| २. | सहायक प्रशासक | १ (एक) | १००० |
| ३. | लेखा अधिकृत | १ (एक) | १००० |

**अध्यक्ष**

**वेभसाइट :** www.afu.edu.np , **सम्पर्क कार्यालय :** पो.ब.नं.१३७१२, एन.के. सिंह मार्ग १०९, नयाँ बानेश्वर काठमाडौं
फोन नं. ०१-४४७८६४७ फ्याक्स :०१-४४७८४४८